# स्थानीय राजपत्र

## धुनिवेशी नगरपालिकाद्धारा प्रकाशित

(खण्ड-८) जुगेडी, धादिङ, २०८१ साल जेष्ठ २३ गते (संख्या १)

# भाग २

## धुनिवेशी नगरपालिका संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०२/२३

**प्रस्तावना :**

संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख सबैको लागि शिक्षामा सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न संघीय संसदले बनाएको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा धुनिवेशी नगर शिक्षा ऐन, २०८० को भावनालाई आत्मसाथ गर्दै धुनिवेशी नगरपालिकाको छात्रवृत्तिसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न र छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित, पारदर्शी र मागमा आधारित बनाउन धुनिवेशी नगर शिक्षा ऐन, २०८० को दफा २३ को अधिकारबमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "धुनिवेशी नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि धुनिवेशी नगरपालिका नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले धुनिवेशी नगर शिक्षा ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी कम्पनी ऐन, गुठी ऐन तथा सहकारी ऐन अन्तर्गत दर्ता भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(ग) "छात्रवृत्ति" भन्नाले विद्यार्थीहरुको मासिक पढाइ शुल्कका साथै नेपाल सरकार र विद्यालयले उपलब्ध गराएको अन्य सहुलियत र सुविधासमेतलाई बुझाउँछ ।

(घ) "निःशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले धुनिवेशी नगरपालिका सम्झनु पर्दछ ।

(च) "नगरपालिका छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले धुनिवेशी नगरपालिकाभित्र विद्यालय तथा उच्च शिक्षाका लागि प्रदान गरिने छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ ।

(छ) "विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले विद्यालय तहमा प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) "छोरीबुहारी उच्च शिक्षा छात्रवृत्ति" भन्नाले धुनिवेशी नगरपालिकामा स्थायी बसोबास गरेका छोरी तथा बुहारीका लागि उच्च शिक्षा अध्ययनमा सहयोग पुर्‍याउन प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्दछ ।

(झ) "विशेष/अन्य छात्रवृत्ति" भन्नाले यस कार्यविधिमा निर्दिष्ट नगरिएका छात्रवृत्ति सम्झनु पर्दछ।

(ञ) "शिक्षा शाखा" भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा हेर्ने शाखा बुझ्नु पर्दछ ।

(ट) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई बुझ्नु पर्दछ ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य

३. **कार्यविधिको उद्देश्यः** (१) यस कार्यविधिको उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः

(क) विद्यालयहरुबाट प्रदान गर्ने छात्रवृत्ति व्यवस्थित र पारदर्शी बनाउने,

(ख) छात्रवृत्तिलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने,

(ग) छात्रवृत्ति कार्यक्रममा लक्षित समूहलाई पहुँच हुने गरी व्यवस्थित गर्ने,

(घ) गुणस्तरीय शिक्षामा न्यून आयस्तरका धुनिवेशी नगरबासीको पहुँच सुलभ बनाउने ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था

४. **नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिः** (१) धुनिवेशी नगरपालिकाले शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको नीति निर्धारण, सञ्चालन तथा व्यवस्थापन गर्न देहायबमोजिमको नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उपप्रमुख | सदस्य |
| सामाजिक विषय समिति संयोजक | सदस्य |
| प्रमुख, प्रशासकीय अधिकृत | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| निजी लगानीका विद्यालय संचालकहरुको भेलाबाट छनौट गरि पठाएको १ जना | सदस्य |
| सामुदायिक विद्यालयका प्रअहरुमध्ये नगर प्रमुखले तोकेका एकजना | सदस्य |
| अभिभावकहरुमध्ये नगर प्रमुखले तोकेका एकजना | सदस्य |
| शिक्षा शाखा अधिकृत वा शाखा प्रमुखले तोकेको व्यक्ति एकजना | सदस्यसचिव |

(२) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) बैठकमा सम्बन्धित क्षेत्रका प्रतिनिधि तथा विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गरिनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विभिन्न छात्रवृत्ति कार्यक्रमको समन्वय गर्ने,

(ख) छात्रवृत्ति सम्बन्धी नीति, योजना, कार्यान्वयन, अनुगमन तथा निर्देशन गर्ने,

(ग) छात्रवृत्ति सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने ।

६. **विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिः** (१) विद्यालयमा व्यवस्थित र पारदर्शी रुपमा छात्रवृत्ति वितरणसम्बन्धी कार्य गर्न विद्यालयले निम्न अनुसारको सरोकारवालाहरुको सहभागितामा एक विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नु पर्नेछः

| | |
|---|---|
| (क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्ष वा नीजले तोकेको एक जना प्रतिनिधि | सदस्य |
| (ग) प्रतिनिधि, नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा | सदस्य |
| (घ) प्रतिनिधि, शिक्षक अभिभावक संघ | सदस्य |
| (ङ) प्रधानाध्यापक | सदस्यसचिव |

(२) विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको बैठकसम्बन्धी कार्यविधि र काम, कर्तव्य तथा अधिकार यस कार्यविधिले प्रदान गरेको सीमाभित्र रही समितिले आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद-४

## संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति

७. **छात्रवृत्ति कोटा निर्धारणः** (१) छात्रवृत्ति कोटा निर्धारण गर्दा अघिल्लो शैक्षिक सत्रको विद्यालयको शैक्षिक तथ्यांक (इमिसमा प्रविष्ट) अनुसारको विद्यार्थी संख्यालाई आधार मान्ने ।

(२) प्रारम्भिक बालविकास देखि बाह्र कक्षासम्मका कुल विद्यार्थी संख्याको देहायबमोजिम संख्याका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्न कोटा आरक्षण गर्नेः

(क) ५०० जनासम्म विद्यार्थी भएमा कम्तिमा १० प्रतिशत

(ख) ५०० देखि ८०० जनासम्म विद्यार्थी भएमा कम्तिमा १२ प्रतिशत

(ग) ८०० भन्दा बढी विद्यार्थी भएमा कम्तिमा १५ प्रतिशत

(३) प्रत्येक संस्थागत विद्यालयको कूल छात्रवृत्ति कोटामध्ये ६६ प्रतिशत विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले वितरण गरी ३४ प्रतिशत नगरपालिकाको छात्रवृत्ति बैंकका लागि छुट्टाई समितिले वितरण गर्नेछ ।

८. **छात्रवृत्ति वितरण प्रक्रियाः** (१) संस्थागत विद्यालयहरुले प्रत्येक कक्षामा प्रथम , द्वितीय र तृतिय हुने विद्यार्थीलाई क्रमशः सतप्रतिशत , पचहत्तर प्रतिसत र पचास प्रतिशत शुल्क मिनाह गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) विद्यालयले प्रदान गर्ने ६६ प्रतिशत छात्रवृत्तिमा विपन्न, असाहय तथा गरीब, अपांगता भएका, महिला, मधेसी, दलित, जनजाति, द्वन्द्व पिडित र सहिदका छोराछोरीलाई समावेशी आधारमा छनोट गर्नु पर्नेछ । यसरी छनोट गर्दा विद्यालयको सतप्रतिशत छात्रवृत्ति कोटामा समावेशी कोटा ५५ प्रतिशत परेको हुनु पर्नेछ ।

(३) नगरपालिकाको छात्रवृत्ति बैंकमा रहेको कोटामा नगरपालिकाले सूचना प्रकाशन गरी आर्थिक विपन्नताका आधारमा छात्रवृत्ति छनोट गर्नेछ ।

(४) शैक्षिक सत्रको बीचमा भर्ना हुने र छात्रवृत्तिको समयमा निवेदन पेश नगर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय बाध्य हुने छैन ।

(५) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरु उपल्लो कक्षासम्मका लागि योग्य हुनेछन् तर त्यस्ता विद्यार्थीहरुले तोकिएको परीक्षा वा छनोट प्रक्रियामा प्रत्येक वर्ष सहभागी नभएमा छात्रवृत्ति प्रदान गरिने छैन ।

(६) छात्रवृत्तिका लागि निवेदन दिंदा निवेदनसाथ आर्थिक विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य समावेशी वर्गको हकमा सम्बन्धित निकायको परिचय पत्र वा सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(७) एउटा किसिमको छात्रवृत्ति पाइरहेको विद्यार्थीलाई अर्को किसिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

(८) छात्रवृत्तिको वितरणको लागि यस नगरपालिकामा स्थायी बसोवास गरेका विद्यार्थी हुनुपर्नेछ।

(९) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनुसूची १ अनुसारको छात्रवृत्ति आवेदन फारम भर्नु पर्नेछ।

(१०) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनुसूची २ को सम्झौतामा उल्लेख भए अनुसारका सर्तहरु पालन गर्नु पर्ने छ। यदि विद्यार्थीले सो सर्त पालन नगरेमा छात्रवृत्ति प्रदान गर्न विद्यालय बाध्य हुने छैन ।

९. **छात्रवृत्ति छनोट विधिः** (१) नगरपालिकाले आ-आफ्नो छात्रवृत्ति बैंकमा रहेका छात्रवृत्ति कोटामा छनोट गर्न शैक्षिक सत्र शुरु भएको दुइ महिना अगाबै १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ र शैक्षिक सत्र सुरु हुनु अगाबै छनोट र वितरण कार्य सम्पन्न गर्नुपर्नेछ । विद्यालयले वितरण गर्ने छात्रवृतिको हकमा शैक्षिक सत्र शुरु भएको एक महिना भित्र छनोट गर्नुपर्नेछ । तर यस शैक्षिक सत्र २०८१ को हकमा नगरपालिकाले वितरण गर्ने छात्रवृतिको हकमा शैक्षिक सत्र शुरु भएको दुइ महिना भित्र छनोट गर्नुपर्नेछ

(२) छात्रवृत्तिको लागि निवेदन दिएका विद्यार्थीहरूको आवश्यकतानुसार समान समावेशी वर्ग बीच लिखित परीक्षा तथा अन्तर्वार्ता सञ्चालन गरी छात्रवृत्तिको लागि योग्यताक्रमको आधारमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सूची प्रकाशन गर्नु पर्नेछ ।

(३) छात्रवृत्तिमा छनोट भएको सूचना विद्यालयले सम्बन्धित अभिभावक र विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) विद्यालय छोडेका कारणले वा अन्य कारणले छात्रवृत्तिको कोटा रिक्त भएमा विद्यालय तर्फ वा नगर छात्रवृत्ति बैंक तर्फमध्ये जुन रिक्त हो सो कोटाको प्रक्रिया बमोजिम पूरा गर्नुपर्नेछ ।

(५) विद्यालयले शैक्षिक सत्र शुरु भएको २ महिनाभित्र विद्यार्थीको नाम, कक्षा र छात्रवृत्तिको किसिम उल्लेख गरी छात्रवृत्ति वितरणको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ ।

## परिच्छेद-५
## अनुगमन

१०. **छात्रवृत्ति कार्यक्रम कार्यान्वयनको अनुगमनः** (१) नगरपालिका र विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिको अनुगमन समितिले आवश्यक सुझाव तथा निर्देशन दिनेछ ।

(२) तोकिए अनुसार छात्रवृत्ति उपलब्ध नगराउने विद्यालयलाई सचेत गराउने, जरिवाना गर्ने, सरकारी सुविधा रोक्का गर्ने र विद्यालय अनुमति खारेज गर्ने सम्मका कार्वाही गरिनेछ ।

## परिच्छेद-६
## विविध

११. **अन्तिम व्याख्या तथा संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा गरिने अन्तिम व्याख्या तथा संशोधन नगर कार्यपालिका बैठकले गरेबमोजिम हुनेछ ।

**अनुसूची १**

(दफा ८ सँग सम्बन्धित)

धुनिवेशी नगरपालिका नगरकार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा**

जुगेडी, धादिङ

फोटो

## छात्रवृत्ति आवेदन फाराम

श्रीमान् अध्यक्षज्यू,

नगर छात्रवृत्ति व्यवस्थापन समिति धुनिवेशी नगरपालिका जुगेडी, धादिङ ।

महोदय,

म..................जिल्ला...............................पालिका........नं.वडाको................निवासी श्री..............................का छोरा/छोरी श्री...............................धुनिवेशी नगरपालिका संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८१ को सम्पूर्ण सर्तहरुको अधिनमा रही तलका विवरण भरी छात्रवृत्ति पाउनको लागि आवश्यक कागजातका साथ यो निवेदन पेस गरेको छु। उल्लिखित विवरण ठिक साँचो हो, झुटा भएमा नियम अनुसार सजाय सहुँला बुझाउँला भनि यो कबुलियत गर्दछु।

**विवरण**

विद्यार्थीको नाम, थर :.........................................................................................

जन्म मिति :.......................................जन्म दर्ता नं.....................................................

हाल अध्ययन गरिरहेको विद्यालयको नाम :

ठेगानाः

कक्षाः.................................प्राप्ताङ्क GPA...............................%...........................................

छात्रवृत्तिमा पढ्न चाहेका कुनै तीन वटा विद्यालयको नाम र ठेगाना :

१.

२.

३.

बाबुको नाम, थर : .......................................................................................................

स्थायी ठेगाना : .............................................................................................................

अस्थायी ठेगाना : ..........................................................................................................

बाबुको नागरिकताको नम्बर : ......................................................................................

जारी मिति र जिल्ला : ..................................................................................................

व्यवसाय : ..........................................................................................................

कार्यालय भए : ..........................................पद ..........................................

आमाको नाम : ..........................................................................................................

व्यवसाय : ..........................................................................................................

कार्यालय भए : ..........................................पद ..........................................

बुवा वा आमाको सम्पर्क नम्बर :..........................................................................................

## अनुसूची २

(दफा ८ सँग सम्बन्धित)

## विद्यालय र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी बिचको छात्रवृत्ति सम्बन्धी सम्झौता

श्री..........................विद्यालय,धुनिवेशी नगरपालिका वडा नं........धुनिवेशी नगरपालिका (यसपछि पहिलो पक्ष भनिने) र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी श्री.................................(यसपछि दोस्रो पक्ष भनिने) बीच हामी दुवै पक्षले धुनिवेशी नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१ को अधिनमा रही तपसिलमा उल्लिखित छात्रवृत्तिसम्बन्धि शर्तहरु पालना गर्ने मन्जुर गरी यो सम्झौता गरी एक/ एक प्रति लियौं दियौं ।

**पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. भर्ना शुल्क/ मासिक शिक्षण शुल्क/ परीक्षा शुल्क/ शुल्क मिनाहा गर्ने ।

२. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थिको पठनपाठनको नियमित निरीक्षण र मूल्याङ्कन गर्ने ।

३. विद्यार्थीको आचार संहिता पालना गराउने ।

४. विद्यार्थीको अभिभावक वा संरक्षकसँग नियमित सम्पर्क गर्ने ।

**दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. पहिलो पक्षले निर्धारण गरेको छात्रवृत्ति प्राप्त गर्ने ।

२. विद्यार्थीको आचार संहिता पालना गर्ने ।

३. नियमितरुपमा पठनपाठनमा संलग्न हुने ।

४. विद्यालयले तोकेका नियम र शर्तहरु पालना गर्ने ।

<u>प्रथम पक्षको तर्फबाट</u>

दस्तखतः

नामथरः

पदः

मितिः

<u>दोस्रो पक्षको तर्फबाट</u>

दस्तखतः

नामथरः

मितिः

आज्ञाले,

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत